जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

आज मिति २०८३/०३/१० गते बुधबारका दिन यस जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गा दत्त ओझा ज्यूको अध्यक्षतामा बसेको जोरायल गाउँपालिका गाउँसभाको २३ औं अधिवेशनको पहिलो बैठकमा तपसिल अनुसारका पदाधिकारीहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | गाउँसभा पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री दुर्गा दत्त ओझा | गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| २ | श्री जमुना कुमारी बोहरा | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| ३ | श्री जगत बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं. १ | सदस्य | |
| ४ | श्री बिर बहादुर दर्लामी | वडा अध्यक्ष, वडा नं. २ | सदस्य | |
| ५ | श्री नविन ओझा | वडा अध्यक्ष, वडा नं. ३ | सदस्य | |
| ६ | श्री नन्दराज भट्ट | वडा अध्यक्ष, वडा नं. ४ | सदस्य | |
| ७ | श्री ध्वज बहादुर देउवा | वडा अध्यक्ष, वडा नं. ५ | सदस्य | |
| ८ | श्री गणेश बहादुर बोहरा | वडा अध्यक्ष, वडा नं. ६ | सदस्य | |
| ९ | श्री इन्द्रा देवी ओली | कार्यपालिका सदस्य | सदस्य | |
| १० | श्री खगिता वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| ११ | श्री पम्पा देवी थापा | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री खिमा देवी कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री लाल बहादुर सार्की | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री सविना वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | श्री गम बहादुर खत्री | वडा सदस्य, वडा नं. १ | सदस्य | |

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| १६ | श्री दल बहादुर थापामगर | वडा सदस्य, वडा नं. १ | सदस्य | |
| १७ | श्री लक्ष्मी देवी कामी | वडा सदस्य, वडा नं. १ | सदस्य | |
| १८ | श्री दिपक बहादुर साउँद | वडा सदस्य, वडा नं. २ | सदस्य | |
| १९ | श्री नाक्पु थापा | वडा सदस्य, वडा नं. २ | सदस्य | |
| २० | श्री मिना देवी कामी | वडा सदस्य, वडा नं. २ | सदस्य | |
| २१ | श्री हिरा देवी कडाल | वडा सदस्य, वडा नं. २ | सदस्य | |
| २२ | श्री चक्र बहादुर साउँद | वडा सदस्य, वडा नं. ३ | सदस्य | |
| २३ | श्री संगिता देवी सार्की | वडा सदस्य, वडा नं. ३ | सदस्य | |
| २४ | श्री बिर बहादुर मगर | वडा सदस्य, वडा नं. ३ | सदस्य | |
| २५ | श्री बल बहादुर ओली | वडा सदस्य, वडा नं. ४ | सदस्य | |
| २६ | श्री योगेन्द्र गुरुङ | वडा सदस्य, वडा नं. ४ | सदस्य | |
| २७ | श्री दिपा देवी सार्की | वडा सदस्य, वडा नं. ५ | सदस्य | |
| २८ | श्री बसन्त बहादुर देउवा | वडा सदस्य, वडा नं. ५ | सदस्य | |
| २९ | श्री बसन्ता देवी भट्ट | वडा सदस्य, वडा नं. ५ | सदस्य | |
| ३० | श्री सोपान सिं बोहरा | वडा सदस्य, वडा नं. ५ | सदस्य | |
| ३१ | श्री कलावती ऐर | वडा सदस्य, वडा नं. ६ | सदस्य | |
| ३२ | श्री यज्ञ साउद | वडा सदस्य, वडा नं. ६ | सदस्य | |
| ३३ | श्री गणेश दत्त भट्ट | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| | प्रस्तावहरु |
|---|---|
| १ | जोरायल गाउँपालिकाको आर्थिक विधेयक, २०८३ सभा समक्ष पेश सम्बन्धमा । |
| २ | जोरायल गाउँपालिकाको विनियोजन विधेयक, २०८३ सभा समक्ष पेश सम्बन्धमा |
| ३ | आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम (आय-व्ययको अनुमान) सभा समक्ष प्रस्तुत सम्बन्धमा । |
| ४ | न्यायिक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष पेश सम्बन्धमा । |
| ५ | राजश्व परामर्श समितिको प्रतिवेदन सभा समक्ष पेश सम्बन्धमा । |
| ६ | गाउँसभा अधिवेशनको दोस्रो बैठक सम्बन्धमा । |

| | निर्णयहरु |
|---|---|
| १ | गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को राजस्वका दरहरू, कर तथा गैर-कर संकलन र आर्थिक प्रशासनलाई व्यवस्थित गर्न गाउँ कार्यपालिकाबाट स्वीकृत भएको "जोरायल गाउँपालिकाको आर्थिक विधेयक, २०८३" को मस्यौदा उपाध्यक्ष श्री जमुना कुमारी बोहरा ज्युद्वारा यस गाउँसभाको पहिलो बैठक समक्ष दफावार छलफलका लागि पेश गरियो। |
| २ | आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि संचित कोषबाट रकम खर्च गर्ने कानुनी व्यवस्था मिलाउन गाउँ कार्यपालिकाबाट स्वीकृत भएको "जोरायल गाउँपालिकाको विनियोजन विधेयक, २०८३" को मस्यौदा गाउँपालिका उपाध्यक्ष श्री जमुना कुमारी बोहरा ज्युद्वारा यस गाउँसभाको पहिलो बैठक समक्ष दफावार छलफल र पारित गर्नका लागि पेस गरियो। |
| ३ | गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई आएको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम (आय-व्ययको अनुमान) गाउँपालिकाका उपाध्यक्ष श्री जमुना कुमारी बोहरा ज्युद्वारा यस गाउँसभाको पहिलो बैठक समक्ष आवश्यक छलफल तथा स्वीकृतिका लागि पेश गरियो। |
| ४ | आर्थिक वर्ष २०८१/०८२ मा न्यायिक समितिद्वारा मिति २०८२ साउनदेखि २०८३ असार ९ गतेसम्म सम्पादन गरिएका विवाद निरूपण तथा न्यायिक कार्यहरूको वार्षिक प्रतिवेदन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस गाउँसभाको पहिलो बैठक समक्ष पेश गरियो। |
| ५ | स्थानीय राजस्व परामर्श समितिद्वारा तयार भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको वार्षिक प्रतिवेदन, २०८३ यस गाउँसभाको पहिलो बैठक समक्ष आवश्यक छलफल तथा स्वीकृतिका लागि पेश गरियो। |
| ६ | यस गाउँसभाको २३ औं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत भएका सम्पूर्ण प्रस्तावहरू दर्ता भई पेश गर्ने कार्य सम्पन्न भएको र ती प्रस्तावहरू उपर दफावार तथा विस्तृत छलफल गरी निर्णय लिनुपर्ने भएकाले, गाउँसभाको दोस्रो बैठक मिति २०८३/०३/११ गते दिनको बिहान ९:०० बजे बस्ने गरी आजको पहिलो बैठक स्थगित गर्ने निर्णय गरियो। |

आज मिति २०८३/०३/११ गते विहीबारका दिन यस जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गा दत्त ओझा ज्यूको अध्यक्षतामा बसेको जोरायल गाउँपालिका गाउँसभाको २३ औं अधिवेशनको दोस्रो बैठकमा तपसिल अनुसारका पदाधिकारीहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थिति:**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | गाउँसभा पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री दुर्गा दत्त ओझा | गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| २ | श्री जमुना कुमारी बोहरा | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| ३ | श्री जगत बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं. १ | सदस्य | |
| ४ | श्री बिर बहादुर दर्लामी | वडा अध्यक्ष, वडा नं. २ | सदस्य | |
| ५ | श्री नविन ओझा | वडा अध्यक्ष, वडा नं. ३ | सदस्य | |
| ६ | श्री नन्दराज भट्ट | वडा अध्यक्ष, वडा नं. ४ | सदस्य | |
| ७ | श्री ध्वज बहादुर देउवा | वडा अध्यक्ष, वडा नं. ५ | सदस्य | |
| ८ | श्री गणेश बहादुर बोहरा | वडा अध्यक्ष, वडा नं. ६ | सदस्य | |
| ९ | श्री इन्द्रा देवी ओली | कार्यपालिका सदस्य | सदस्य | |
| १० | श्री खगिता वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| ११ | श्री पम्पा देवी थापा | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री खिमा देवी कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री लाल बहादुर सार्की | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री सविना वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | श्री गम बहादुर खत्री | वडा सदस्य, वडा नं. १ | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १६ | श्री दल बहादुर थापामगर | वडा सदस्य, वडा नं. १ | सदस्य | |
| १७ | श्री लक्ष्मी देवी कामी | वडा सदस्य, वडा नं. १ | सदस्य | लक्ष्मी |
| १८ | श्री दिपक बहादुर साउँद | वडा सदस्य, वडा नं. २ | सदस्य | |
| १९ | श्री नाक्पु थापा | वडा सदस्य, वडा नं. २ | सदस्य | |
| २० | श्री मिना देवी कामी | वडा सदस्य, वडा नं. २ | सदस्य | |
| २१ | श्री हिरा देवी कडाल | वडा सदस्य, वडा नं. २ | सदस्य | |
| २२ | श्री चक्र बहादुर साउँद | वडा सदस्य, वडा नं. ३ | सदस्य | |
| २३ | श्री संगिता देवी सार्की | वडा सदस्य, वडा नं. ३ | सदस्य | संगीता |
| २४ | श्री बिर बहादुर मगर | वडा सदस्य, वडा नं. ३ | सदस्य | |
| २५ | श्री बल बहादुर ओली | वडा सदस्य, वडा नं. ४ | सदस्य | |
| २६ | श्री योगेन्द्र गुरुङ | वडा सदस्य, वडा नं. ४ | सदस्य | |
| २७ | श्री दिपा देवी सार्की | वडा सदस्य, वडा नं. ५ | सदस्य | |
| २८ | श्री बसन्त बहादुर देउवा | वडा सदस्य, वडा नं. ५ | सदस्य | |
| २९ | श्री बसन्ता देवी भट्ट | वडा सदस्य, वडा नं. ५ | सदस्य | बसन्ता |
| ३० | श्री सोपान सिं बोहरा | वडा सदस्य, वडा नं. ५ | सदस्य | |
| ३१ | श्री कलावती ऐर | वडा सदस्य, वडा नं. ६ | सदस्य | |
| ३२ | श्री यज्ञ साउद | वडा सदस्य, वडा नं. ६ | सदस्य | |
| ३३ | श्री गणेश दत्त भट्ट | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| प्रस्तावहरु | |
|---|---|
| १ | स्थानीय राजश्व परामर्श समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा । |
| २ | न्यायिक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा । |
| ३ | जोरायल गाउँपालिकाको विनियोजन विधेयक, २०८३ सभाबाट स्वीकृत सम्बन्धमा । |
| ४ | जोरायल गाउँपालिकाको आर्थिक विधेयक, २०८३ सभाबाट स्वीकृत सम्बन्धमा । |
| ५ | कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा । |
| ६ | करार दरबन्दी स्वीकृत गर्ने सम्बन्धमा । |
| ७ | नेपाल सरकारद्धारा हस्तान्तरित कार्यक्रम अनुसारको दरबन्दी स्वीकृत गर्ने सम्बन्धमा । |
| ८ | सभाका समितिबाट पेश भएका प्रतिवेदन सम्बन्धमा । |
| ९ | आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम (आय-व्ययको अनुमान) सभाबाट स्वीकृत सम्बन्धमा। |
| १० | योजना बैंकमा समावेश गर्ने सम्बन्धमा । |
| ११ | १७ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना तथा संचालन सम्बन्धमा । |
| १२ | कर्मचारीहरुको करार सम्झौता नविकरण गर्ने सम्बन्धमा । |
| १३ | गाउँसभाको २३ औं अधिवेशन अन्त्य गर्ने सम्बन्धमा । |

| निर्णयहरु | |
|---|---|
| १ | जोरायल गाउँपालिकाका उपाध्यक्ष श्री जमुना कुमारी बोहरा ज्यूद्वारा गाउँसभाको २३ औं अधिवेशनको पहिलो बैठकमा पेश गरिएको 'स्थानीय राजस्व परामर्श समितिको वार्षिक प्रतिवेदन, २०८३' माथि गहन छलफल गरियो। छलफलपश्चात उक्त प्रतिवेदनलाई सभाको बैठकद्वारा सर्वसम्मतिले स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो।" |
| २ | यस जोरायल गाउँपालिकाका उपाध्यक्ष श्री जमुना कुमारी बोहरा ज्यूद्वारा गाउँसभाको २३ औं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत गरिएको 'न्यायिक समितिको वार्षिक प्रतिवेदन' माथि विस्तृत छलफल गरियो। छलफलपश्चात उक्त प्रतिवेदनलाई सभाको बैठकद्वारा सर्वसम्मत रूपमा स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो।" |
| ३ | यस जोरायल गाउँपालिकाका उपाध्यक्ष श्री जमुना कुमारी बोहरा ज्यूद्वारा गाउँसभाको २३ औं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत गरिएको, र गाउँ कार्यपालिकाबाट स्वीकृत भई आएको 'जोरायल गाउँपालिकाको विनियोजन विधेयक, २०८३' माथि बैठकमा दफाबार छलफल गरियो। छलफलपश्चात उक्त विनियोजन विधेयकलाई सभाको बैठकद्वारा सर्वसम्मतिले पारित तथा स्वीकृत गर्ने निर्णय गरियो। |
| ४ | यस जोरायल गाउँपालिकाका उपाध्यक्ष श्री जमुना कुमारी बोहरा ज्यूद्वारा गाउँसभाको २३ औं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत गरिएको, र गाउँ कार्यपालिकाबाट स्वीकृत भई आएको 'जोरायल गाउँपालिकाको आर्थिक विधेयक, २०८३' माथि बैठकमा दफाबार छलफल गरियो। छलफलपश्चात उक्त आर्थिक विधेयकलाई सभाको बैठकद्वारा सर्वसम्मतिले पारित तथा स्वीकृत गर्ने निर्णय गरियो। |

दुर्गा दत्त ओझा
अध्यक्ष

| | |
|---|---|
| ५ | चालु आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी र सहज बनाउने उद्देश्यले यस जोरायल गाउँ कार्यपालिकाको बैठकहरूबाट हालसम्म भए गरेका सम्पूर्ण निर्णयहरूलाई गाउँसभाको यस बैठकद्वारा सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो। |
| ६ | यस जोरायल गाउँपालिकाको सेवा प्रवाहलाई थप सुदृढ, प्रभावकारी र जनमुखी बनाउने उद्देश्यले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न सम्बन्धित सेवातर्फ तपसिल बमोजिमका करार पदहरू सिर्जना गरी दरवन्दी स्वीकृत गर्ने निर्णय गरियो। |

तपसिल:

| क्र.सं. | पद | तह | सेवा/समूह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालय तर्फ | | | | |
| १ | कानूनी सल्लाहकार | छैठौं | - | १ | |
| २ | खेलकुद प्रशिक्षक | पाँचौं | - | १ | |
| ३ | रोजगार सहायक | पाँचौं | - | १ | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम |
| ४ | प्राविधिक सहायक | पाँचौं | - | १ | |
| ५ | अमिन | चौथो | ईन्जिनियरिङ्ग | १ | |
| ६ | ना.प्रा.स. | चौथो | कृषि | २ | |
| ७ | ना.प.स्वा.प्रा. | चौथो | कृषि | १ | |
| ८ | सहायक कम्प्युटर अपरेटर | चौथो | - | ४ | |
| ९ | सामाजिक परिचालक | श्रेणीविहिन | - | ३ | |
| १० | ब्याकहो लोडर अपरेटर | श्रेणीविहिन | - | १ | |
| ११ | ट्याक्टर चालक | श्रेणीविहिन | - | १ | |
| १२ | हलुका सवारी चालक | श्रेणीविहिन | - | १ | |
| १३ | एम्बुलेन्स चालक | श्रेणीविहिन | - | २ | |
| १४ | कार्यालय सहयोगी | श्रेणीविहिन | - | १४ | |
| १५ | स्वीपर | श्रेणीविहिन | - | ३ | |
| १६ | चौकीदार | श्रेणीविहिन | - | २ | |
| १७ | भान्से | श्रेणीविहिन | - | १ | |
| | जम्मा | | | ४० | |
| | स्वास्थ्य संस्थाहरु तर्फ | | | | |
| १ | नेत्र सहायक | सहायकस्तर पाँचौं | स्वास्थ्य | १ | |
| २ | अ.न.मि. | सहायकस्तर चौथो | स्वास्थ्य/प.हे.न. | १४ | |
| ३ | अ.हे.व. | सहायकस्तर चौथो | स्वास्थ्य/हे.ई. | १० | |
| ४ | ल्याब असिस्टेन्ट | सहायकस्तर चौथो | स्वास्थ्य/मे.ल्या.टे. | ६ | |
| ५ | अप्टिकल डिस्पेन्सर | सहायकस्तर चौथो | स्वास्थ्य | १ | |
| ६ | कार्यालय सहयोगी | तहविहिन | स्वास्थ्य | १४ | |
| ७ | स्वीपर | तहविहिन | स्वास्थ्य | १४ | |
| | जम्मा | | | ६० | |

दत्त ओझा
अध्यक्ष

७ यस जोरायल गाउँपालिकामा नेपाल सरकारद्वारा हस्तान्तरित कार्यक्रमहरू सफलतापूर्वक कार्यान्वयन गर्नका लागि प्राप्त हुन आएको तपसिल बमोजिमको दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.सं. | पद | तह | दरबन्दी | संचालित कार्यक्रम |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | सातौं | १ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम |
| २ | जनस्वास्थ्य अधिकृत | सातौं | १ | म स्वस्थ, मेरो समुदाय स्वस्थ, घरटोल स्वास्थ्य प्रवर्द्धन कार्यक्रम |
| ३ | कृषि स्नातक | छैटौं | १ | कृषि तथा पशुपंक्षी विकास कार्यक्रम |
| ४ | रोजगार संयोजक | छैटौं | १ | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम |
| ५ | एम.आई.एस. अपरेटर | पाँचौं | १ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली |
| ६ | फिल्ड सहायक | चौथो | १ | |
| ७ | ना.प्रा.स. | चौथो | १ | एक गाउँ एक कृषि तथा पशु सेवा प्राविधिक कार्यक्रम |
| ८ | ना.प.स्वा.प्रा. | चौथो | २ | |
| ९ | उद्यम विकास सहजकर्ता | चौथो | २ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम |
| १० | पोषण सहजकर्ता | चौथो | १ | बहुक्षेत्रिय पोषण कार्यक्रम |
| | जम्मा | | १२ | |

८ (क) यस जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक अनुशासन र बेरुजु फछर्योट सम्बन्धमा लेखा समितिद्वारा पेश गरिएको प्रतिवेदन उपर छलफल गरियो। समितिका सिफारिसहरू र आर्थिक सुधारका सुझावहरूलाई स्वीकार गर्दै उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने र सोही बमोजिम कार्यान्वयन गर्न कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

(ख) जोरायल गाउँपालिकाका नियम, कानुन र कार्यविधिहरू सुधार गर्नका लागि विधायन समितिले बनाएको प्रतिवेदन उपर छलफल गरियो। समितिको सिफारिस अनुसार सो प्रतिवेदनलाई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो।

(ग) यस गाउँपालिकाको सेवा प्रवाह, पारदर्शिता र संस्थागत सुधारका सम्बन्धमा सुशासन समितिद्वारा पेश भएको आ.व. २०८२/०८३ को प्रतिवेदन उपर छलफल गरियो। सेवालाई थप जनमुखी र प्रविधिमैत्री बनाउने समितिका सुझावहरूलाई आत्मसाथ गर्दै उक्त प्रतिवेदन सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो।

९ जोरायल गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई यस गाउँसभाको २३ औं अधिवेशनको पहिलो बैठकमा उपाध्यक्ष श्री जमुना कुमारी बोहरा ज्यूद्वारा प्रस्तुत आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम (आय-व्ययको अनुमान) माथि सभामा दफावार छलफल गरियो। छलफलपश्चात उक्त बजेट तथा कार्यक्रमलाई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो। आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम (आय-व्ययको अनुमान) को विस्तृत विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

१० यस जोरायल गाउँपालिका अन्तर्गतका विभिन्न गाउँ तथा टोलहरूबाट माग संकलन भएका तर आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रममा विनियोजन सीमाका कारण सम्बोधन गर्न नसकिएका योजना तथा कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षहरूमा प्राथमिकताका साथ सम्बोधन गर्ने गरी 'योजना बैंक' (Project Bank) मा समावेश गर्ने निर्णय गरियो। यसरी योजना बैंकमा संकलन तथा वर्गीकरण गरिएका योजनाहरूको विस्तृत विवरण अनुसूची-२ मा उल्लेख गरिएको छ।

दुर्गा दत्त ओझा
अध्यक्ष

| | |
|---|---|
| ११ | यस जोरायल गाउँपालिकाले डोटी जिल्ला स्तरीय १५ औं तथा १६ औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा लगातार प्रथम स्थान हासिल गरी जिल्लाकै खेलकुद क्षेत्रमा ऐतिहासिक गरिमा र वर्चस्व कायम राख्न सफल भएको गौरवमय पृष्ठभूमिलाई मध्यनजर गर्दै; आगामी आर्थिक वर्ष २०८३/०८४ मा संचालन हुने १७ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता यसै जोरायल गाउँपालिकामा भव्य रूपमा आयोजना तथा संचालन गर्न यो पालिका इच्छुक रहेकोले, सो प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्नका लागि आवश्यक पर्ने बजेट आगामी आर्थिक वर्ष २०८३/०८४ मा विनियोजन गर्न र समग्र व्यवस्थापन गर्न पूर्ण रूपमा प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो। |
| १२ | जोरायल गाउँ कार्यपालिकाको कार्यालय, यस अन्तर्गतका विषयगत शाखाहरू, वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूमा विगत वर्षहरूदेखि निरन्तर रूपमा विभिन्न पदमा करार तथा ज्यालादारी सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको करार सम्झौता अवधि मिति २०८३ साल असार मसान्तसम्म समाप्त भएकोमा, सम्पादित कामको प्रभावकारिता, भौगोलिक आवश्यकता, जनशक्ति व्यवस्थापन तथा नागरिक सेवा प्रवाहलाई निरन्तर र चुस्त बनाउनुपर्ने परिस्थिति समेतलाई दृष्टिगत गरी उक्त कार्यालय, शाखाहरू, वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूमा कार्यरत सम्पूर्ण करार तथा ज्यालादारी कर्मचारीहरूको आर्थिक वर्ष २०८३/०८४ का लागि प्रचलित नियम, स्वीकृत बजेट र कार्यविधि अनुसार सेवा करार सम्झौता नवीकरण गर्ने निर्णय गरिएको छ। |
| १३ | मिति २०८३ साल असार १० गतेदेखि सुरु भएको यस जोरायल गाउँपालिका, गाउँ सभाको २३ औं अधिवेशनको सम्पूर्ण कार्यसूची सफलतापूर्वक सम्पन्न भएकाले आजैका मितिदेखि चालु अधिवेशन अन्त्य गर्ने निर्णय गरियो। |

दुर्गा दत्त ओझा
अध्यक्ष